गढवा गाउँपालिका

Gadhawa Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय

Office Of The Rural Municipal Executive

गढवा, दाङ

Gadhawa, Dang

०८२-४१००६४

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal


गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

प.सं.(Letter no.)०८२/०८३

च.न.(Ref. No):

मितिः २०८३/०३/१२

## घर/कोठा भाडामा उपलब्ध गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०३/१२**

यस गढवा गाउँपालिका अन्तर्गत कार्यरत २(दुई) जना चिकित्सक (Doctor) हरूको आवास प्रयोजनका लागि कोठा/घर (2 Bed Rooms, 1 Living Room, 1 Kitchen) आवश्यक परेको हुँदा गढवा स्वास्थ्य चौकी देखि ५०० मि. भित्र सुरक्षित तथा सुविधा युक्त घर/कोठा भाडामा उपलब्ध गराउन इच्छुक घरधनीहरू बाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र दरभाउ सहितको निवेदन पेश गर्न आह्वान गरिन्छ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

### आवश्यक शर्तहरू

१. घर/कोठा गढवा स्वास्थ्य चौकीबाट सहज पहुँच हुने स्थानमा हुनुपर्ने ।
२. प्रत्येक चिकित्सकका लागि छुट्टाछुट्टै आवासीय कोठा उपलब्ध हुनुपर्ने ।
३. घरमा विद्युत, खानेपानी, इन्टरनेट तथा शौचालयको उपयुक्त व्यवस्था हुनुपर्ने ।
४. घर/कोठा सुरक्षित, सफा तथा बसोबास योग्य हुनुपर्ने ।
५. मासिक भाडादर प्रस्ताव विद्युत, खानेपानी, इन्टरनेट सहित स्पष्ट रूपमा उल्लेख गरी निवेदन पेश गर्नुपर्ने ।
६. घरधनीले नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा जग्गाधनी प्रमाणपूर्जा वा घर स्वामित्व खुल्ने कागजात संलग्न गर्नुपर्ने ।
७. गाउँपालिकाले आवश्यक ठानेमा स्थलगत निरीक्षण गरी उपयुक्त घर/कोठा छनोट गर्नेछ ।
८. छनौटको आधार स्थान, सुरक्षा, सुविधा तथा उपयुक्तता समेत लाई लिइनेछ ।
९. गाउँपालिकाले कुनै वा सम्पूर्ण प्रस्ताव स्वीकार वा अस्वीकार गर्ने अधिकार सुरक्षित राखेछ ।
१०. भाडा सम्झौता प्रचलित कानुन तथा गाउँपालिकाको निर्णय बमोजिम गरिनेछ ।

### निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू

- निवेदन पत्र
- नेपाली नागरिकताको प्रतिलिपि
- घर/जग्गा स्वामित्व खुल्ने कागजातको प्रतिलिपि
- प्रस्तावित घर/कोठाको फोटो (भएमा)
- मासिक भाडा दर प्रस्ताव

CamScanner